हिमालयन जनरल ईन्स्योरेन्स कं. लि.
HIMALAYAN GENERAL INSURANCE CO. LTD.

HEAD OFFICE: THAPAGAUN, GPO BOX 148, KATHMANDU, NEPAL
Tel.: 5245090 Fax: 5245099, E-mail: ktm@hgi.com.np
www.hgi.com.np

पं. सं. १८३४/२०७८-७९

मिति: २०७८।१२।०२

श्रीमान् कम्पनी रजिष्ट्रारज्यू,
कंपनी रजिष्ट्रारको कार्यालय,
त्रिपुरेश्वर, काठमाण्डौ ।

विषय: अठ्ठाईसौ वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माईन्यूट) पठाएको ।

उक्त सम्बन्धमा कंपनी ऐन २०६३ को दफा ८० (१) अनुसार निम्न अनुसारको २०७८ फागुन ३० गते सम्पन्न कम्पनीको अठ्ठाईसौ वार्षिक साधारण सभामा उपस्थित शेयरधनीको संख्या १५४ तथा शेयरको प्रतिनिधित्व ६०९३९२० कित्ता भएको अठ्ठाईसौ वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माईन्यूट) म्याद भित्रै संलग्न पठाएको कुरा अनुरोध गर्दछु ।

हिमालयन जनरल ईन्स्योरेन्स कं. लि. बबरमहल

.................
ध्रुव प्रसाद न्यौपाने
कम्पनी सचिव

# हिमालयन जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड
# HIMALAYAN GENERAL INSURANCE CO. LTD.

# अठ्ठाईसौं वार्षिक साधारण सभाको
## काम कारवाहीको विवरण (माइन्यूट)
## २०७८

जि. पि. ओ. बक्स नं. १४८,
टेलिफोन नं : ५२४५०९०, ५२४५०९१
फ्याक्स नं : ५२४५०९९
इमेल नं. ktm@hgi.com.np
थापागांउ, काठमाडौं, नेपाल ।

# हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लि.

थापागांउ, जि.पि.ओ. बक्स १४८, काठमाण्डौं, नेपाल
फोन नं. ५२४५०९०,५२४५०९१


मिति:२०७८/१२/०२/४

विषय : काम कारवाहीको विवरण (माइन्यूट) पठाएको ।

श्री शेयरधनी महानुभावहरु,

वि. सं. २०७८ साल फागुन ३० गते सोमवार तदनुसार सन् १४ मार्च २०२२ का दिन सम्पन्न यस कम्पनीको अठ्ठाईसौ वार्षिक साधारण सभाद्वारा पारित निर्णयहरु र काम कारवाहीको विवरण (माइन्यूट) जानकारीका लागि यसै साथ संलग्न गरी पठाएको व्यहोरा अनुरोध गर्दछु ।

धन्यवाद ।

भवदीय,

(ध्रुव प्रसाद न्यौपाने)
कम्पनी सचिव

बबरमहल

## हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेडको
## अठ्ठाईसौं वार्षिक साधारण सभाको
## काम कारवाहीको विवरण (माईन्यूट)

१. **बैधानिक सभा :**

हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेडको अठ्ठाईसौं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री महेन्द्र कृष्ण श्रेष्ठज्यूको अध्यक्षतामा निम्नलिखित मिति, स्थान र समयमा सुसम्पन्न भयो । सो सभाको सूचना, सभाको विषयसूची, उपस्थिति, गणपुरक संख्या, सभाको बैधानिकता, सभाको अध्यक्षता, सभा संचालन तथा प्रतिवेदन प्रस्तुती, छलफलमा सहभागी, छलफलको क्रममा व्यक्त गरिएका मन्तव्य, प्रश्नोत्तर, सुझावहरु र सभाको निर्णयहरु समेतको काम कारवाहीको विवरण (माईन्यूट) कम्पनी ऐन, २०६३ को दफा ७५ वमोजिम देहाय अनुसार छन् ।

२. **सभाको मिति, स्थान र समय :**

२.१ मिति: २०७८ फागुन ३० गते सोमवार (सन् १४ जुन २०२२)
२.२ स्थान: कम्पनीको केन्द्रिय कार्यालय, थापागांउ, काठमाण्डौवाट (भर्चुयल र भौतिक समेत)
२.३ समय: विहान ११:०० बजे

३. **सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७(२) को व्यवस्था अनुसार कम्पनीको आर्थिक वर्ष २०७७/७८ को मुद्रित वार्षिक प्रतिवेदन लगायत अठ्ठाईसौं वार्षिक साधारण सभा हुने मिति, स्थान, समय र सभामा छलफल हुने विषयसूची समेत उल्लेख गरी शेयरधनी महानुभावहरुको मोवाईल तथा ईमेलमा विद्युतिय माध्यमवाट पठाउनुको साथै मिति २०७८/११/०८ र २०७८/११/०९ गतेको दैनिक राष्ट्रिय पत्रिकाहरु क्रमश: "कारोवार दैनिक" र "अभियान दैनिक" मा साथै २०७८/११/२७ मा पुन: कारोवार दैनिकमा समेत सम्वन्धित सबैको जानकारीको लागि सो सम्वन्धी जानकारी तथा सूचना प्रकाशित गरिएको थियो ।

४. **सभाको विषयसूची :**

(क) **सामान्य प्रस्ताव**

(१) अठ्ठाईसौ वार्षिक साधारण सभामा संचालक समितिको तर्फवाट अध्यक्षज्यू द्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०७७।०७८ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०७७।०७८ को वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण, ईक्यूटीमा भएको परिवर्तन र तत् सम्वन्धि अनुसूचीहरु पारित गर्ने ।

(३) संचालक समितिको सिफारिस वमोजिम चुक्ता पूंजी रु.१,१०,०३,३६,७०० को ६.६५ प्रतिशतले हुन आउने रु.७,३१,७२,४०० वोनश शेयर प्रदान गर्दा लाग्ने कर वापत चुक्ता पूंजीको ०.३५ प्रतिशतका दरले हुने रु.३८,५१,१७९ नगद लाभांश प्रस्ताव पारित गर्ने ।

(४) आर्थिक वर्ष २०७८।०७९ को लागि लेखापरीक्षकको नियुक्ती र निजको पारिश्रमिक लेखापरीक्षण समितिले सिफारिस गरे वमोजिम अनुमोदन गर्ने । (हालका लेखापरीक्षक श्री एन.अमात्य एण्ड कम्पनी पुन: नियुक्तीको लागी योग्य हुनुहुन्छ)

(५) विविध ।

(ख) **विशेष प्रस्ताव**

(१) संचालक समितिले सिफारिस गरे वमोजिम चुक्ता पूंजी रु.१,१०,०३,३६,७०० को ६.६५ (छ दशमलव छ पांच) प्रतिशतले हुन आउने रु. ७,३१,७२,४०० वरावरको वोनस शेयर जारी गर्ने । त्यसरी वोनस शेयर जारी गर्दा भिन्न अंकमा आउने शेयरलाई संस्थापक शेयर र सर्वसाधारण

शेयरको अनुपात कायमै राखि नजिकको पुरा अंक कायम गर्ने । साथै वोनश शेयर जारी गर्दा जारी तथा चुक्ता पूंजी वृध्दिहुने भएवाट सोही अनुरुप प्रवन्धपत्र र नियमावलीमा संशोधन गर्ने ।

(२) यस कम्पनीले अन्य कुनै कम्पनीलाई प्राप्ती (Aqusition) गर्ने वा एकआपसमा गाभिने (Merger) प्रयोजनको लागि उपयुक्त कम्पनीको पहिचान र छनौट गर्ने, समभ्रदारीपत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने, सो को आधारमा सैद्धान्तिक स्विकृतीको लागि विमा समिति समक्ष निवेदन दिने, आवश्यकता अनुसार सम्पत्ती तथा दायित्वहरुको मूल्याङ्कन (Due Diligence Audit) गर्न मूल्याङ्कनकर्ता नियुक्ती तथा प्राप्ती (Acquisition) गर्न वा एकआपशमा गाभिने ( Merger) संग सम्वन्धित प्रचलित कानून तथा निर्देशनहरु वमोजिम गर्नुपर्ने सम्पूर्ण आवश्यक प्रक्रियाहरु पुरा गरि अख्तियार प्राप्त निकायवाट अन्तिम स्विकृति लिने लगायतका कार्य गर्न गराउन संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

(३) विशेष प्रस्तावको संशोधनहरुवाट प्रवन्धपत्र र नियमावलीको संशोधनहरुमा नियमनकारी निकायहरुवाट कुनै फेरवदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही वमोजिम गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(४) विविध ।

५. उपस्थिति :

५.१ संचालकहरुको उपस्थिति :

| | |
|---|---|
| १. श्री महेन्द्र कृष्ण श्रेष्ठ | अध्यक्ष |
| २. श्री विक्रम कृष्ण श्रेष्ठ | संचालक |
| ३. श्री विजित कृष्ण श्रेष्ठ | संचालक |
| ४. श्री अजय रत्न स्थापित | संचालक |
| ५. श्रीमती नुरा कुमारी शर्मा | संचालक |
| ६. श्री विजय कुमार पन्त | स्वतन्त्र संचालक |

५.२ संचालकको अनुपस्थिति :

१. सवै संचालकहरुको उपस्थिति रहेको ।

५.३ पदाधिकारीहरुको उपस्थिति :

| | |
|---|---|
| १. श्री विजय वहादुर शाह | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री ध्रुव प्रसाद न्यौपाने | कम्पनी सचिव |
| ३. श्री मनीष अमात्य | लेखापरीक्षकको प्रतिनिधी |

५.४ शेयरधनीहरुको उपस्थिति :

| | |
|---|---|
| ५.४.१ स्वयम् उपस्थित संख्या | ७५ (पचहत्तर) |
| ५.४.२ भर्चुयल उपस्थित संख्या | ५९ (उन्साठी) |
| ५.४.३ प्रोक्सी | २० (वीस) |
| ५.४.४ जम्मा उपस्थित संख्या | १५४ (एक सय चउन्न) |

६. गणपूरक संख्या :

| विवरण | संख्या | स्वयं उपस्थित | भर्चुयल उपस्थिति | प्रोक्सी | जम्मा | शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|---|
| शेयरधनीहरु | ११७२१ | ७५ | ५९ | २० | १५४ | १.३१ |
| शेयर | ११००३३६७ | ३५२८८४८ | १९०५९ | २५४६०१३ | ६०९३९२० | ५५.३८ |

७. साधारण सभाको बैधानिकता :

सभाको काम कारवाहीको प्रारम्भमा कम्पनी सचिव श्री ध्रुव प्रसाद न्यौपानेले कम्पनी र आफ्नो तर्फबाट कम्पनीको अठ्ठाईसौं वार्षिक साधारण सभामा भाग लिन उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु तथा विभिन्न निकायहरुवाट पाल्नु भएका प्रतिनिधिहरुलाई हार्दिक स्वागत गर्नुभयो र कम्पनी ऐन, २०६३ को दफा ७३ तथा कम्पनीको प्रवन्धपत्र र नियमावली वमोजिम यो साधारण सभाको गणपूरक संख्या पुगेको र कानून अनुसार साधारण सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

८. साधारण सभाको सभापतित्व र सभा संचालन :

सभाको वैधानिकता एकिन भएपछि कम्पनी ऐन, २०६३ को दफा ६९ वमोजिम कम्पनी ऐन, २०६३ को दफा ७४(१) मा व्यवस्था भए अनुसार संचालक समितिका अध्यक्ष श्री महेन्द्र कृष्ण श्रेष्ठज्यूको सभापतित्वमा सभा संचालन भयो । सभाको प्रारम्भमा सभापतिज्यूले उपस्थित सवैलाई स्वागत गर्दै सभाको काम कारवाही प्रारम्भ गर्नुभयो ।

९. अठ्ठाईसौ वार्षिक साधारण सभाको काम कारवाही प्रारम्भ:

सर्वप्रथम प्रमुख कार्यकारी अधिकृत श्री विजय वहादुर शाहले २८औ वार्षिक साधारण सभामा उपस्थित सवै आमन्त्रित तथा शेयरधनी महानुभावहरुलाई स्वागत अभिवादन गर्नुभयो । वहाले उपलब्ध साधन, स्रोत र प्रविधिको भरपुर प्रयोग गर्दै कर्मचारीको मनोवल उच्च वनाउदै कम्पनीलाई निर्जीवन वीमा क्षेत्रमै उत्कृष्ठ वनाउन प्रयास गरिने जानकारी गराउनु भयो ।

१०. कम्पनीको अठ्ठाईसौ वार्षिक प्रतिवेदन तथा प्रस्तावहरुको प्रस्तुति :

१०.१ सभाको सामान्य प्रस्ताव विषयसूची नं. (१) अनुसार सभाका सभापती श्री महेन्द्र कृष्ण श्रेष्ठज्यूले आर्थिक वर्ष २०७७।७८ को वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो ।

१०.२ सभाको सामान्य प्रस्ताव विषयसूची नं. (२) मा उल्लेख भए अनुसार लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०७७।७८ को वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा अनुसूची प्रस्तुत गर्नुभयो ।

११. छलफलको लागि आह्वान :

११.१ सभापतीज्यूले सभाको कारवाही अगाडि बढाउनु हुँदै माथि उल्लेख भएको सामान्य प्रस्ताव विषयसूची नं. (१), (२), (३), (४) र (५) तथा विषेश प्रस्ताव (१), (२), (३), र (४) मा उल्लिखित विषय तथा प्रस्तावहरु उपर समेत छलफल तथा समुचित निर्णयको लागि उपस्थित शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नुभयो ।

अध्यक्षज्यूले सवैवाट सहयोग, सद्भावना र मार्ग निर्देशनको अपेक्षा गर्दै भविष्यमा कम्पनीको विकासमा सवैको निरन्तर सहयोग हुने विश्वाशका साथ विषयसूचीमा प्रवेश गर्न आग्रह गर्नु भयो ।

११.२ शेयरधनी महानुभावहरु मध्येबाट श्री अमृत नाथ रेग्मी (भर्चुयल उपस्थिति), प्रा. श्री शत्रुघन श्रेष्ठ, श्री अशोक उप्रेती, श्री चन्द्र नारायण श्रेष्ठ, श्री डमरु वल्लभ घिमिरे, श्री शिव प्रसाद पौडेल, श्री उध्धव

प्रसाद घिमिरे, श्री अमिर दास रंजित, श्री व्रम्हदेव शाक्य, श्री लव राज जोशी, श्री राम गोपाल महर्जन र श्री नारायण सुन्दर श्रेष्ठले छलफलको क्रममा बोल्न नाम लेखाउनु भई बुदा नं. ११.३ अनुसार आ-आफ्नो मन्तव्य, जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नुभयो । साथै शेयरधनी श्री नरसिंह लाल च:खुले साधारण सभाको सफलता तथा कम्पनीको उत्तरोत्तर प्रगतीको कामना गर्दै लिखित मन्तव्य तथा सुझाव दिनु भएको थियो ।

११.३ शेयरधनीहरुको मन्तव्य, जिज्ञासा तथा सुझावहरु :

- यस कम्पनिका संस्थापक तथा प्रवर्द्धक शेयरधनी श्री राज कृष्ण श्रेष्ठज्यूको असामयिक निधन भएकोमा मृत आत्माको चिरशान्तीको कामना व्यक्त ।
- कम्पनीको प्रगती मन्द गतीमा भएको । नेट प्रोफिट कम भएको ।
- General Reserve वढाउन पर्ने ।
- Risk Based Capital वनाउन पर्ने विचार व्यक्त ।
- Investment Income वढाउन पर्ने सुझाव ।
- नवनियुक्त स्वतन्त्रसंचालक तथा प्रमुख कार्यकारी अधिकृतलाई वधाई तथा शुभकामना व्यक्त ।
- दावी भुक्तानी समयमै फर्छ्यौट गर्न आग्रह ।
- नगद लाभांस तथा वोनश शेयरको लागि धन्यवाद ।
- HGI को Corporate निर्माणको प्रगती विवरणको जानकारी ।
- Merger तथा Acquisition को प्रस्ताव ल्याएकोमा धन्यवाद व्यक्त ।
- संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च गर्न आग्रह ।
- कर्मचारी तालिममा विशेष ध्यान दिन आग्रह ।
- कम्पनीलाई ग्राहाक मैत्री वनाउन आग्रह ।
- भुक्तानी हुन वांकि लाभांसमा ध्यान दिन आग्रह ।
- आगामी साधारण सभा समयमै सम्पन्न गर्न आग्रह ।
- आगामी वर्ष Double Digit मा वोनश शेयर तथा नगद लाभांस पाउने अपेक्षा ।
- प्रत्येक वर्षको असौज ४ गते Insurance Day मनाउन सुझाव ।
- कम्पनीको शाखा विस्तारलाई प्राथमिकता दिन आग्रह ।
- अठ्ठाईसौ वार्षिक साधारण सभाको सफलता तथा कम्पनीको उत्तरोत्तर प्रगतिको कामना ।

१२. सभापतीज्यूको प्रत्युत्तर :

१२.१ छलफलको क्रममा शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको जिज्ञासा, मन्तव्य, सुझाव र सल्लाहलाई कम्पनीले सम्पत्तिको रुपमा ग्रहण गरेको सभापतीज्यूले जानकारी गराउदै धन्यवाद व्यक्त गर्नुभयो ।

१२.२ आगामी साधारण सभा समयमै गराउन प्रयास गरिने र शेयरधनीहरु लाई अधिकतम नगद लाभांस र वोनस शेयर दिन प्रयास गरिने जानकारी गराउनु भयो । साथै सस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत रकम खर्च गरिने समेत सभालाई जानकारी गराउनु भयो ।

१२.३ Investment Income वृद्धी गर्नेतर्फ ध्यान दिईने, शाखा विस्तार गरिने, कर्मचारी तालिमलाई समय सापेक्ष वनाउने, शेयरधनीहरुको Value Maintain हुने गरी मात्र मर्जरमा जाने नीति लिईने जानकारी शेयरधनीहरुलाई गराउनु भयो ।

१२.४ यस चालु आर्थिक बर्षको २०७८ फागुन २५ गते सम्ममा १ अर्व ८ करोड प्रिमियम संकलन भएको सभालाई जानकारी गराउनु भयो ।

१२.५ कर्पोरेट भवन करिव ७० प्रतिशत काम समाप्त भईसकेको र केहि महिनामै निर्माण कार्य सम्पन्न गर्ने लक्ष रहेको जानकारी गराउनु भयो ।

१२.६ रचनात्मक सुझावहरुलाई महत्व दिई समयानुकूल कार्यान्वयन गर्दै जाने विश्वाश दिलाउनु भयो ।

सभाको निर्णय :

१३. (क) साधारण प्रस्ताव :

१३.१ संचालक समितिको प्रतिवेदन पारित गर्ने :
अठ्ठाईसौं वार्षिक साधारण सभाको विषयसूची सामान्य प्रस्तावको नं. (१) को प्रस्ताव अनुसार संचालक समितिको तर्फबाट अध्यक्षज्यूले सभामा प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन उपर छलफल पश्चात् सर्वसम्मतिबाट पारित भयो ।

१३.२ लेखापरीक्षकको प्रतिवेदन सहितको आ. व. २०७७/७८ को वित्तिय विवरण पारित गर्ने :
सत्ताईसौं वार्षिक साधारण सभाको विषयसूची सामान्य प्रस्तावको नं. (२) को प्रस्ताव अनुसार लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७७/७८ को वासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरण पारित होस भनी सभामा अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको प्रस्ताव उपर व्यापक छलफल पश्चात् सर्वसम्मतिबाट पारित भयो ।

१३.३ संचालक समितिको सिफारिस वमोजिम हाल कायम रहेको चुक्ता पूंजी रु.,१,१०,०३,३६,७०० को ०.३५ प्रतिशतले हुन आउने नगद लाभांस रु.३८,५१,१७९/- कर प्रयोजनको लागि पारित गर्ने :
सत्ताईसौं वार्षिक साधारण सभाको विषयसूची सामान्य प्रस्तावको नं. (३) को प्रस्ताव अनुसार संचालक समितिको सिफारिस वमोजिम आर्थिक वर्ष २०७७/७८ को मुनाफावाट हाल कायम रहेको चुक्ता पूंजी रु.,११०,०३,३६,७०० को ०.३५ प्रतिशतले हुन आउने नगद लाभांस रु.३८,५१,१७९/- कर प्रयोजनको लागि अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको प्रस्ताव उपर छलफल पश्चात् सर्वसम्मतिबाट पारित भयो ।

१३.४ आर्थिक वर्ष २०७८/७९ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक लेखापरीक्षण समितिले सिफारिस गरेकोलाई अनुमोदन गर्ने :
सत्ताईसौ वार्षिक साधारण सभाको विषयसूची सामान्य प्रस्तावको नं. (४) को प्रस्ताव अनुसार आर्थिक वर्ष २०७८/७९ को लागि कम्पनीको लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक लेखापरीक्षण समितिले सिफारिस गरेकोलाई अनुमोदन गर्ने प्रस्ताव उपर सभामा छलफल भई लेखापरिक्षक एन. अमात्य एण्ड कम्पनीका साझेदार श्री मनिष अमात्य, चार्टर्ड एकाउण्टेण्ट्सलाई नियुक्त गर्ने र कर लेखापरीक्षण समेतको लागि पारिश्रमिक रु.३७५,०००/- (रु.तीन लाख पचहत्तर हजार मात्र) मु. अ. कर वाहेक प्रदान गर्न स्विकृत गर्ने निर्णय भयो ।

१३.५ विविध :
विषयसूची सामान्य प्रस्ताव नं. (५) को विविध शिर्षक अन्तर्गत कुनै विषय नभएको ।

१४. (ख) विशेष प्रस्ताव :

१४.१ चुक्ता पूंजीको ६.६५ प्रतिशतका दरले शेयरधनीहरुलाई वोनस शेयर प्रदान गर्ने र सोही अनुरुप प्रवन्धपत्र र नियमावलीमा संशोधन गर्ने :
अठ्ठाईसौं वार्षिक साधारण सभाको विषयसूची विशेष प्रस्तावको नं. (१) अनुसार संचालक समितिले सिफारिस गरें वमोजिम हाल कायम रहेको चुक्ता पूंजी रु.१,१०,०३,३६,७०० को ६.६५ प्रतिशतले हुन आउने रु. ७,३१,७२,४००/- वरावरको वोनस शेयर जारी गर्ने । त्यसरी वोनस शेयर जारी गर्दा भिन्न अंकमा आउने शेयरलाई संस्थापक शेयर र सर्वसाधारण शेयरको अनुपात कायमै राखि नजिकको पुरा अंक कायम गर्ने । साथै वोनस शेयर जारी गर्दा चुक्ता पूंजी वृध्दी हुने भएवाट सोही अनुरुप प्रवन्धपत्र र नियमावलीमा संशोधन गर्ने सर्वसम्मतीवाट निर्णय भयो ।

१४.२ संचालक समितिलाई अख्तियारी प्रदान गर्ने:
अठ्ठाईसौं वार्षिक साधारण सभाको विषयसूची विशेष प्रस्तावको नं. (३) को प्रस्ताव अनुसार प्रवन्धपत्र र नियमावलीको संशोधनहरुमा नियमनकारी निकायहरुवाट कुनै फेर वदल थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही वमोजिम गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय भयो ।

१४.३ **<u>यस कम्पनीले अन्य कुनै कम्पनीलाई प्राप्ती (Aquisition) गर्ने वा एकआपसमा गाभिने (Merger) को लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने:</u>**

सत्ताईसौं वार्षिक साधारण सभाको विषयसूची विशेष प्रस्तावको नं. (३) को प्रस्ताव अनुसार यस कम्पनीले अन्य कुनै कम्पनीलाई प्राप्ती (Aquisition) गर्ने वा एकआपसमा गाभिने (Merger) प्रयोजनको लागि उपयुक्त कम्पनीको पहिचान र छनौट गर्ने, समझदारीपत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने, सो को आधारमा सैद्धान्तिक स्विकृतीको लागि विमा समिति समक्ष निवेदन दिने,आवश्यकता अनुसार सम्पत्ती तथा दायित्वहरुको मूल्याङ्कन (Due Diligence Audit) गर्न मूल्याङ्कनकर्ता नियुक्ती तथा प्राप्ती (Acquisition) गर्न वा एकआपशमा गाभिने (Merger) संग सम्वन्धित प्रचलित कानून तथा निर्देशनहरु वमोजिम गर्नुपर्ने सम्पूर्ण आवश्यक प्रक्रियाहरु पुरा गरि अख्तियार प्राप्त निकायवाट अन्तिम स्विकृति लिने लगायतका कार्य गर्न गराउन संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने निर्णय भयो ।

१४.४ **<u>विविध :</u>**

विषयसूची विशेष प्रस्ताव नं. (४) को विविध शिर्षक अन्तर्गत कुनै विषय नभएको ।

१५. **<u>सभाको विसर्जन:</u>**

सभापतीज्यूले अठ्ठाईसौं वार्षिक साधारण सभामा सहभागी हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरु तथा विभिन्न निकायहरुका आमन्त्रित प्रतिनिधीहरु समेत सवैलाई हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो । साथै यस कम्पनीका प्रवर्धक तथा संस्थापक अध्यक्ष श्री राज कृष्ण श्रेष्ठज्यूको मिति २०७८ साल जेष्ठ २६ गते असामयिक निधन भएकोमा मृतआत्माको चिरशान्तीको कामना गर्दै शेयरधनीहरुले यस विषयमा लिनुभएको जिज्ञासाको मुक्तकण्ठले प्रशंसा व्यक्त गर्दै धन्यवाद व्यक्त गर्नुभयो । अन्तमा छलफलका लागि अन्य कुनै विषय वांकि नरहेको हुंदा सभापतीज्यूले आजको अठ्ठाईसौं वार्षिक साधारण सभा अपराह २.०० वजे विसर्जन गर्नुभयो ।

(ध्रुव प्रसाद न्यौपाने)
कम्पनी सचिव
मिति:२०७८।१२।०२

(महेन्द्र कृष्ण श्रेष्ठ)
अध्यक्ष

बुक पोष्ट

नाम : ______________________________

ठेगाना : ______________________________

______________________________


<u>ठेगाना फेला नपरेको खण्डमा कृपया निम्न ठेगानामा फिर्ता गर्नुहोला ।</u>

हिमालयन जनरल इन्स्योरेन्स कम्पनी लि.,
केन्द्रिय कार्यालय,
थापागांउ, काठमाण्डौ, जि.पि.ओ. बक्स १४८
फोन नं. ५२४५०९०, ५२४५०९१